**गैरआवासीय नेपाली संघ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद (आईसिसि)**
**चौथो अन्तर्राष्ट्रिय महाधिवेशन तयारी उप-समिती**

# राष्ट्रिय अधिवेशन सम्वन्धी नियमावली

## अधिवेशनको तयारी

(१) गैरआवासीय नेपाली संघको विधानको धारा २३.१ अनुसार राष्ट्रिय समन्वय परिषद (एनसिसि)को अधिवेशन विश्व सम्मेलन भन्दा बढिमा छ महिना पहिले गर्ने (अप्रिल देखि सेप्टेम्बर सम्म)। संघको विधान यहाँ उपलब्ध छ http://www.nrn.org.np/downloads/nrna_constitution_25may08.pdf ।

(२) राष्ट्रिय समन्वय परिषदले अधिवेशनको मिति तोकी कम्तिमा एक महिना पहिले क्षेत्रीय संयोजक मार्फत आईसिसिलाई जानाकरी गराउने। अधिवेशनमा आईसिसि प्रतिनिधिको उपस्थिति सुनिश्चित गर्न क्षेत्रीय संयोजकको परामर्शमा मिति तय गर्न सकिनेछ। (वढि भन्दा वढि अन्तर्राष्ट्रिय प्रतिनिधिहरुको सहभागितालाई सुनिश्चित गर्न अरु एनसिसिका कार्यक्रमहरुसँग नबाझ्नेगरी मिति तय गर्न सहयोगि होस् भनेर एनआरएनएले आफ्नो वेव साइटमा इभेण्ट क्यालेण्डरको व्यवस्था गरेकोछ- http://nrn.org.np/calendar.php)

(३) अधिवेशनमा बढि भन्दा बढि गैरआवासीय नेपालीको सहभागिता तथा अधिवेशनको पारदर्शिताको लागि कम्तिमा एक महिना पहिले देखि व्यापक रुपमा अधिवेशनबारे उपलव्ध सबै किसिमका सञ्चारमाध्यमबाट सार्वजनिक सूचना प्रवाह गर्ने

(४) अधिवेशनको सुपरिवेक्षण गर्नको लागि आईसिसिले एक अधिवेशन प्रतिनिधि मनोनयन गर्न सक्नेछ ।

## सदस्यता

(५) एक आर्थिक वर्षमा १८२ दिन भन्दा बढी सम्वन्धीत देशमा बसोबास गर्दै आएका नेपाली नागरिक वा नेपालीमूलका विदेशी नागरिक र तीनका परिवारका सदस्यले एनसिसिले निर्धारण गरेको सदस्यता शुल्क तिरि पञ्जीकृत सदस्य बन्न सक्नेछ। यस्ता सदस्यहरुको मात्र राष्ट्रिय अधिवेशनमा मतदान गर्ने वा उम्मेदवार बन्ने अधिकार हुनेछ।

(६) राष्ट्रिय अधिवेशन भन्दा निश्चित समय पहिले (कम्तिमा एक हप्ता पहिले) सम्म पञ्जीकृत सदस्य भएकालाई मात्र मतदानमा सहभागी बनाउने।

(७) पञ्जीकृत सदस्यता हरेक दुई बर्षमा अनिवार्यरुपमा नविकरण गर्नु पर्नेछ।

(८) पञ्जीकृत सदस्यहरुको विवरण तथा एक पञ्जीकृत सदस्य बरावर तीन अमेरिकी डलर बराबरको शुल्क एनसिसिले आईसिसिलाई बुझाउनु पर्नेछ। विवरणको फर्माट महाधिवेशन तयारी उप-समितीले उपलव्ध गराउनेछ ।

(९) कुनै समूह वा ब्यक्तिले समुहगतरुपमा शुल्क तिरी निर्वाचनलाई प्रभाव पार्ने किसिमले पञ्जीकृत

सदस्य बनाउन पाउने छैनन।

**निर्वाचन**

(१०) राष्ट्रिय अधिवेशनमा पञ्जीकृत सदस्यहरुले लोकतान्त्रीक पद्दती तथा निर्वाचनमा प्रयोग हुने विश्वब्यापी मान्यताको आधारमा राष्ट्रिय समन्वय परिषदका पदाधिकारीहरुको निर्वाचित गर्नेछन।

(११) निर्वाचन सम्पन्न गर्न एनसिसिले निर्वाचन समिती गठन गर्नेछ।

(१२) निर्वाचन प्रकृया सम्वन्धीत एनसिसिले निर्धारण गर्नेछ।

(१३) राष्ट्रिय समन्वय परिषदमा निर्वाचित हुने पदाधिकारीहरु विधानको धारा २२.३ अनुसार हुनेछन। पदाधिकारीहरुको चयन गर्दा भौगोलिक, क्षेत्रगत, पेशागत लगायत सकेसम्म सम्पूर्ण पक्षको प्रतिनिधित्व हुनु पर्नेछ।

(१४) राष्ट्रिय अधिवेशनले आईसिसि सदस्यको चयन समेत गर्नेछ। यसरी चयन हुने सदस्य काठमाडौमा सम्पन्न हुने अन्तर्राष्ट्रिय महाधिवेशनमा अनिवार्यरुपमा उपस्थित हुनु पर्नेछ। अन्तर्राष्ट्रिय महाधिवेशनले निजलाई आईसिसि सदस्यको रुपमा अनुमोदन (endorse) गर्नेछ। निजको कार्यकाल यसै महाधिवेशन देखि अर्को महाधिवेशन सम्पन्न नहुने बेला सम्म हुनेछ।

(१५) विधानको धारा १६.३ अनुसार एक हजार जनासम्म पञ्जीकृत सदस्य बराबर एक आईसिसि सदस्यको निर्वाचन गर्नेछ । एक भन्दा बढी आईसिसि सदस्य निर्वाचित हुने भएमा विधानको धारा १६.४ मा उल्लेख भए अनुसार ती मध्यबाट एक जनालाई आईसिसि र एनसिसि विच समन्वय गर्ने जिम्मेवारी दिईनेछ। यस्तो जिम्मेवारी कसलाई दिने भन्ने निर्णय पनि राष्ट्रिय अधिवेशनले नै गर्नेछ।

(१६) अधिवेशनले गैरआवासीय नेपालीको महिला सञ्जाल र युवा सञ्जालको प्रतिनिधित्व गर्न एक महिला र एक युवा प्रतिनिधी छान्न सक्नेछ। यसरी छानिएका प्रतिनिधिहरु एसनसीसी कै सदस्य हुनेछन। अधिवेशनबाट छान्न अनुकुल नभएमा अधिवेशनवाट चुनिने एनसिसिले महिला र युवा प्रतिनिधी छान्नेछ।

(१७) कुनै समूह वा प्यानलको आधारमा चुनाव लड्न वा समूहगत रुपमा मतको आव्हान गर्न वा प्रचार प्रसार गर्न पाइने छैन।

**एनसिसिको मान्यता, आई पर्ने विवाद**

(१८) आईसिसिबाट खटाइएको अधिवेशन प्रतिनिधि वा त्यस्तो प्रतिनिधि नभएको खण्डमा सम्वन्धित देशको आईसिसि सदस्यले नवनिर्वाचित एनसिसि पदाधिकारीको नामावली क्षेत्रिय संयोजक मार्फत आईसिसिलाई जानाकारी दिनेछ। काठमाडौ स्थित सचिवालयले होमपेजबाट नामावली प्रकाशित गरी नवनिर्वाचित एनसिसिको विधिवतरुपमा मान्यता दिनेछ।

(१९) अधिवेशन सम्वन्धी केही विवाद आएमा क्षेत्रिय संयोजक, उप-संयोजक, सम्वन्धित देशको आईसिसि सदस्य, एनसिसि अध्यक्ष(निवर्तमान) तथा आईसिसिले सिफारिस गरेको एक सदस्य रहने गरी पाँच सदस्यीय छानविन समिति गठन गरिनेछ। छानविन टोलीले पेश गरेको प्रतिवेदनको आधारमा आईसिसिले अन्तिम निर्णय लिनेछ।

(२०)आईसिसिले निर्धारण गरेको यस राष्ट्रिय अधिवेशन नियमावली पालना नगरी निर्वाचित भएका एनसिसिलाई आईसिसिले मान्यता दिने छैन।

<u>**निर्वाचित एनसिसिले तत्काल गर्नु पर्ने काम**</u>

(२१) निवर्तमान एनसिसिले पञ्जीकृत सदस्यको विवरण तथा आवश्यक शुल्क आईसिसिमा पठाएको छैन भने यसको यथाशिघ्र कार्वान्यन गर्ने।

(२२)विधानको धारा १३.८ अनुसार एनसिसिले १० जना पञ्जीकृत सदस्य बराबर एक अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्ने। एनसिसिले मनोनयन गरेका यस्ता प्रतिनिधिहरुलाई मात्र अन्तर्राष्ट्रिय महाधिवेशनमा मताधिकार रहनेछ। तर यस्ता प्रतिनिधिहरुले महाधिवेशन दर्ता शुल्क (जुन तेश्रो विश्व सम्मेलनमा १०० अमेरिकी डलर थियो) तिर्नु पर्नेछ। बहालवाला आईसिसि पदाधिकारी, सदस्यहरु एवम सल्लाहकारहरु स्वतः महाधिवेशन प्रतिनिधि हुने भएकोले निजहरुलाई प्रतिनिधीमा मनोनयन गरिरहनु पर्ने छैन (विधानको धारा १३.७)। महाधिवेशन दर्ता शुल्क तिरेर जुनसुकै गैरआवासीय नेपालीले पनि पर्यवेक्षको रुपमा विश्व सम्मेलनमा भाग लिन पाउनेछ तर उनीहरुको मताधिकार हुने छैन।

(२३)अन्तर्राष्ट्रिय महाधिवेशन प्रतिनिधिको छनोट गर्न सार्वजनिक सूचना मार्फत काठमाडौ जान अनुकुल हुने सबै पञ्जीकृत सदस्यहरुलाई खुला रुपमा आमन्त्रण गर्नु पर्नेछ। प्रतिनिधि छनोटमा सर्वसम्मत भएन भने निर्वाचन प्रकृयाबाट (एनसिसि सदस्यले मतादान गरेर) चयन गर्ने।

(२४)एनसिसिले कुनै पुर्वाग्रहले कुनै पञ्जीकृत सदस्यहरुलाई प्रतिनिधि बन्न निषेध गर्न पाउने छैन। यस्तो अवस्थामा निषेधित सदस्यले आईसिसिमा उजुरी गर्न सक्नेछ। यस्तो परिस्थितिमा आईसिसिले गरेको निर्णयलाई अन्तिम मानिनेछ ।

<u>**नियमावलीको अनुमोदन तथा संशोधन**</u>

(२५) यस नियमावली आईसिसिले अनुमोदान गरे पछि मात्र लागु हुनेछ। यसको संशोधन गर्ने अधिकार पनि आईसिसिलाई मात्र हुनेछ।